## २०७६ साल चैत्र १५ गते शनिबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कोरोना भाईरस रोग (COVID-19) रोकथाम, नियन्त्रण तथा उपचार सम्वन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कोरोना भाइरस (COVID-19) रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि कोरोना संक्रमणको असहज परिस्थितिमा दैनिक अत्यावश्यक उपभोग्य वस्तुको सहज आपूर्ति, मूल्य र गुणस्तर सम्वन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिम प्रदेशस्तरीय, जिल्लास्तरीय र स्थानीय तहस्तरीय आपूर्ति अनुगमन समिति गठन गर्ने:

**क. प्रदेशस्तरीय आपूर्ति अनुगमन समितिः**

| | | |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | संयोजक |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री | सह-संयोजक |
| ३. | प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| ४. | सदस्य, प्रदेश नीति तथा योजना आयोग (आपूर्ति हेर्ने) | सदस्य |
| ५. | अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ, गण्डकी प्रदेश | सदस्य |
| ६. | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ७. | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| ८. | प्रमुख जिल्ला अधिकारी, कास्की | सदस्य |
| ९. | प्रमुख, प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेश | सदस्य |
| १०. | निर्देशक, उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय | सदस्य |
| ११. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य |
| १२. | प्रमुख, नेपाल चेम्वर अफ कमर्स, गण्डकी प्रदेश | सदस्य |
| १३. | अध्यक्ष, नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश | सदस्य |
| १४. | अध्यक्ष, उपभोक्ता हित संरक्षण मञ्च, गण्डकी प्रदेश | सदस्य |
| १५. | प्रमुख, वाणिज्य तथा आपूर्ति महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

**ख. जिल्लास्तरीय आपूर्ति अनुगमन समितिः**

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| २. | जिल्ला समन्वय अधिकारी | सदस्य |
| ३. | स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | जिल्ला सुरक्षा निकायका प्रमुख | सदस्य |
| ५. | स्थानीय जिल्ला उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष | सदस्य |
| ६. | नेपाल चेम्वर अफ कमर्सका सम्वन्धित जिल्ला प्रमुख | सदस्य |
| ७. | सम्वन्धित जिल्लाका उद्योग वाणिज्य संघका अध्यक्ष | सदस्य |
| ८. | सम्वन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्ष | सदस्य |
| ९. | सम्वन्धित जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख | सदस्य-सचिव |

जिल्ला समन्वय समितिका प्रमुख र उप प्रमुख तथा जिल्ला सदरमुकाम रहेको स्थानीय तहको प्रमुख/उप प्रमुख वा अध्यक्ष/उपाध्यक्षलाई जिल्लास्तरीय आपूर्ति अनुगमन समितिमा स्थायी आमन्त्रण गरिनेछ।

**ग. पालिकास्तरीय आपूर्ति अनुगमन समितिः**

| | | |
|---|---|---|
| १. | पालिकाको प्रमुख/अध्यक्ष | संयोजक |
| २. | पालिकाको उप-प्रमुख/उपाध्यक्ष | सदस्य |
| ३. | सम्वन्धित पालिकामा स्थायी बसोवास रहेका जि.स.स. सदस्य | सदस्य |
| ४. | वडाध्यक्ष | सदस्य |
| ५. | सम्वन्धित पालिकाको उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| ६. | सम्वन्धित पालिकाको सुरक्षा निकायको प्रमुख | सदस्य |
| ७. | सम्वन्धित पालिकाको उपभोक्ता हित संरक्षण संस्थाको प्रतिनिधि | सदस्य |
| ८. | सम्वन्धित पालिकाको विद्युतीय तथा छापा मेडियाको प्रतिनिधि | सदस्य |
| ९. | सम्वन्धित पालिकाको स्वास्थ्य संस्थाको प्रमुख | सदस्य |
| १०. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१. दैनिक अत्यावश्यक उपभोग्य बस्तु जस्तै: औषधि, खाद्यान्न, इन्धन, ग्याँस, पानी, पशुपंक्षीको आहारा लगायतका अत्यावश्यक सामानहरुको सहज आपूर्तिको व्यवस्था मिलाउने।

१. उपभोक्तालाई उचित मूल्यमा र सहज रुपमा खाद्य तथा दैनिक अत्यावश्यक उपभोग्य वस्तु उपलब्ध गराउन आवश्यक प्रवन्ध गर्ने।

२. दैनिक अत्यावश्यक उपभोग्य वस्तुको विक्रि वितरण गर्दा ग्राहक र विक्रेता वीचको भौतिक दुरी कायम गर्न सहजीकरण गर्ने।

३. दैनिक अत्यावश्यक उपभोग्य बस्तुको ढुवानीको आवश्यक प्रवन्ध मिलाउने।

४. दैनिक अत्यावश्यक उपभोग्य बस्तुको कालोबजारी, अनुचित मूल्य वृद्दि, नाफाखोरी, मिसावट गरी विक्रि वितरण गर्ने वा जम्माखोरी वा कृत्रिम अभाव सृजना गर्ने वा कम गुणस्तरका मालसामान विक्रि वितरण गर्ने वा नियमित सामान आपूर्तिको असहज परिस्थिति सृजना गर्ने वा अनुचित व्यापारिक क्रियाकलाप गर्ने वा अनुपयुक्त तरिकाले अभाव सृजना गर्ने गराउने तथा यस्तो कार्यलाइ प्रोत्साहन पुग्ने गरी कार्य गर्ने जुनसुकै व्यक्ति, व्यापारी, उद्योगी तथा संस्थालाई प्रचलित कानून बमोजिम कार्वाहीको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने।

५. खण्ड ४ बमोजिमको कार्य भएको छ भन्ने मुनासिव माफिकको शंका भएमा वा सूचना प्राप्त भएमा प्रचलित कानून बमोजिम निरीक्षण तथा खानतलासी गराउने।

६. मानव जिउ तथा स्वास्थ्यमा हानि पुर्‍याउने सडेगलेका, वासी, गुणस्तरहिन, माछा, मासु, दुध, फलफूल, तरकारी तथा मालवस्तु र म्याद सकिएका खाद्यान्न तथा औषधि नष्ट गराउने आवश्यक प्रवन्ध गर्ने।

७. प्रचलित कानून बमोजिम स्थापित बजार अनुगमन समिति र उपभोक्ताको हकहितमा कार्यरत संघसस्थाको परिचालन, समन्वय तथा सहजीकरण गर्ने।

८. विभिन्न व्यक्तिले उपलब्ध गराएका खाद्यान्न लगायतका दैनिक उपभोग्य सामग्रीहरु संकलन गर्ने र प्रदेश सरकारको निर्णयानुसार वितरण गर्ने।

९. महानगरपालिकाले आवश्यकता अनुसार वडास्तरीय आपूर्ति अनुगमन समिति गठन गर्न सक्नेछ।